निर्णयः-

१. आजको बैठकको कार्यसूची १ उपर छलफल गर्दा त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय र संघीय संसदको पुस्तकालयमा रहेका राष्ट्रिय महत्वका दस्तावेजहरुको अभिलेख व्यवस्थापनको अध्ययन अनुगमन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न समितिका सभापति मा. रामनारायण विडारीको संयोजकत्वमा मा. दुर्गा प्रसाद उपाध्याय र मा. सुमन राज प्याकुरेल सदस्य रहेको राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो । उक्त कार्यदलको समयावधी तीन महिनाको हुनेछ ।

२. आजको बैठकको कार्यसूची १ उपर छलफल गर्दा उर्जा सम्बन्धी ऐन, कृषि तथा भुमि व्यवस्था सम्बन्धी ऐन, सुचना तथा संचार सम्बन्धी ऐन, न्याय सम्बन्धी ऐन र ती अन्तर्गत बनेका सबै नियमावली, निर्देशिका, कार्यविधि र परिपत्रहरु समेत अध्ययन गरी ०७५ साल पौष मसान्त भित्र समिति समक्ष राय सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको प्रत्यायोजित व्यवस्थापन अध्ययन उपसमिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मा.श्री राधेश्याम अधिकारी | संयोजक |
| मा.श्री अगम प्रसाद वान्तवा राई | सदस्य |
| मा.श्री चन्द्र बहादुर खड्का | सदस्य |
| मा.श्री नरपति लुवार | सदस्य |
| मा.श्री नैनकला ओझा | सदस्य |

३. आजको बैठकको कार्यसूची १ उपर छलफल गर्दा नेपाल सरकारको आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका विषयहरुको साथै संसदको दोस्रो अधिवेशनमा मन्त्रीहरुले राष्ट्रिय सभामा दिएका सार्वजनिक महत्वका वक्तव्यमा उल्लेख भएका आश्वासनहरुको कार्यान्वयन सम्बन्धी अध्ययन गरी ०७५ साल पौष मसान्त भित्र समिति समक्ष राय सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको सरकारी आश्वासन अध्ययन उपसमिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मा.श्री बलराम प्रसाद बाँस्कोटा | संयोजक |
| मा.श्री विन्दा देवी आले (राना) | सदस्य |
| मा.श्री विना पोखरेल | सदस्य |
| मा.श्री शान्ति कुमारी अधिकारी जि.सि. | सदस्य |
| मा.श्री हरि राम चौधरी | सदस्य |

संघीय संसद, राष्ट्रिय सभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति २०७५

४. आजको बैठकको कार्यसूची २ उपर छलफल गर्दा प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि, २०६८ का सम्बन्धमा अध्ययन गरी ७ दिन भित्र राय, सुझाव सहितको प्रतिवेदन समिति समक्ष पेश गर्न देहाय बमोजिमको प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मा.श्री बलराम प्रसाद बाँस्कोटा | संयोजक |
| मा.श्री विना पोखरेल | सदस्य |
| मा.श्री हरि राम चौधरी | सदस्य |

५. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गरियो ।